## रिच्छेद ४
## विविध

**८. अनुगमन:**

विपद् तथा कोभिड १९ जस्ता महामारीमा नगरपालिकाका नगर प्रमुख, उप प्रमुख प्रशासकीय प्रमुख, तथा नगर शिक्षा समितिका पदाधिकारी एवम शिक्षा विकास तथा समन्वय इकाई, प्रदेशस्तरीय,केन्द्र सरकार, लगायतका अन्य गैरसरकारी संस्थाहरुले विपद् पूर्व, विपद्को समयमा र विपद्पश्चात् अध्ययन अध्यापन तथा शैक्षिक गतिविधिहरुमा शैक्षिक प्रतिकार्य योजना बमोजिम कार्य भए नभएको अनुगमन गर्ने ।

**९. समन्वय तथा सहकार्य:**

विपद् तथा कोभिड १९ भाइरसको अवस्थामा शिक्षा लगायत अन्य गतिविधिहरु गर्नका लागि नगरपालिकाका नगर प्रमुख, उप प्रमुख प्रशासकीय प्रमुख, तथा नगर शिक्षा समितिका पदाधिकारी एवम शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश सरकार, केन्द्र सरकार लगायत अन्य गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरेर अघि बढिनेछ ।

**१०. संसोधन:**

यस प्रतिकार्य योजनामा कुनै संसोधन गर्नुपरेमा परशुराम नगरकार्यपालिकाले गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७७/१०/२६

आज्ञाले
तारानाथ पनेरु
प्रमुख प्रशासकिय अधिकृत




# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

**खण्ड: ३ संख्या: ११ मिति: २०७७/१०/२७**

**जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग २

### स्थानीय सरकार

### परशुराम नगरपालिकाको शिक्षा प्रतिकार्य योजना २०७७

प्रस्तावना: विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९ ) को

यस न.पा को कुल क्षेत्रफल ४२६.८७ बर्ग कि.मि रहेको छ र कूल जनसंख्या ४३९४२ जनघनत्व (२०६८ को जनगणना अनुरुप) रहेको छ । यस न.पा को केन्द्र लालढुँगा जोगबुडामा रहेको छ । यस नगरपालिकामा १२ वटा वडाहरु छन् । खुला सिमा तथा पश्चिमतर्फ भारतको सिमाना समेत रहेकोले कोभिड १९ जस्ता महामारीको उच्च जोखिम रहेको छ । विपद् तथा अन्य महामारीको दृष्टिले समेत यो नगरपालिकामा जोखिममा रहेको छ ।

**ख) शिक्षाको पृष्ठभुमीः**

यस नगरपालिकाका १२ वटा वार्ड अन्तर्गत सामुदायिक विद्यालय ६३ वटा र संस्थागत विद्यालय ११ वटा गरी जम्मा ७४ वटा विद्यालय छन् । १७ वटा मा.वि.तह, १४ वटा आधारभूतह(६-८) र ३६ ओटा आधारभुत तह (१-५) र ७ ओटा आधारभुत तह (१-३)र ८६ वाविके तथा १ वटा क्याम्पस रहेकाछन् ।

**ग) शिक्षाको वर्तमान अवस्था :**

हालको कोभिड-१९ को जोखिमले विश्वका विविध कार्यक्षेत्रमा बाधा पुगेझै नेपालमा एवम् यस नगरपालिकाको शिक्षा क्षेत्रमा समेत प्रत्यक्ष प्रभाव परेको पाइन्छ । कोभिड १९ को कारणले लामो समयदेखि विद्यालयहरु बन्द रहेकोमा मिति २०७७।०८।११ गतेको कार्यपालिका बैठकको निर्णयअनुसार शिक्षण सिकाई कार्यविधि २०७७ अनुसार नियमित पठनपाठन सुरु गएिको छ । र धेरैजसो विद्यालयहरुमा अर्धवार्षिक परीक्षा समेत सम्पन्न गरी सकिएको छ । र तोकिएको समयमै वार्षिक परीक्षा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

विद्यालय पठानपाठन बन्द हुदा अन्य क्रियाकलापहरु समेत प्रभावित भएकोमा विद्यालय सञ्चालन भएसंगै सोहि अनुसार सञ्चालन हुदै गरेको छ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | सामुदायिक सिकाई सहजिकरण केन्द्र सञ्चालन गर्ने | शिक्षा शाखा, प्रअ, शिक्षक, विव्यस, शिक्षक अभिभावक संघ, अभिभावक | ५०००० ० | ✓ | ✓ | | |
| ७ | विपद प्रभानित क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरी स्वास्थ्य सेवा तथा राहत सेवा सञ्चालन | नगरपालिका | ८०००० ० | | ✓ | | ✓ |
| अनौपचारिकशिक्षा/किशोरी शिक्षा/रुपान्तरण/अन्य | | | | | | | |
| १ | सम्बन्धित सरोकारवालासँग छलफल, सहकार्य तथा समन्वय गर्ने | शिक्षा अधिकृत तथा स्वास्थ्य शिक्षा पढाउने शिक्षक अभिभावक, प्रअ, स्वास्थ्यकर्मी | २६०००० ० | | | | ✓ |

**परिदृश्य( अवस्था) ३ : लकडाउन खुलेको अवस्था/विपद्पश्चात् विद्यालय खुला भएको अवस्थामा**

| क्र.सं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट | स्रोत नंक्साङकन | | | |
|---|---|---|---|---|---|---|---|
| औपचारिक शिक्षा | | | | विद्यालय | स्थानीय तह | प्रदेश | अन्य |
| १ | सरसफाइ, साबुनपानी , स्वास्थ्य जाँच चेक तथा कोराना र अन्य विपद रोकथाम सम्बन्धि जानकारी | प्र.अ., शिक्षक, स्वास्थ्यकर्मी | १००००० | ✓ | ✓ | | |
| २ | नियमित कक्षा सञ्चालनको योवना निर्माण | प्र.अ. शिक्षक ,शिक्षा अधिकृत, विव्यस | ५०००० | ✓ | ✓ | | |
| ३ | विपद तथा महामारीबाट प्रभावित विद्यार्थीहरुलाई मनोवैज्ञानिक परामर्श सेवा | प्र.अ. शिक्षक ,शिक्षा अधिकृत, स्वास्थ्यकर्मी | ५०००० | | ✓ | | |
| ४ | अध्ययन अध्यापन निरन्तरता | शिक्षा शाखा, प्रअ, शिक्षक | | ✓ | ✓ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयहरुले विपद् शिक्षा प्रतिकार्य योजना निमार्ण | प्र.अ. ,शिक्षक, विव्यस, शिक्षा शाखा | २००००० | ✓ | ✓ | | |
| ४ | स्थानीय रेडियो, टेलिभिजनबाट विपद् पूर्वतयारी सम्बन्धी जनचेतना गराउने | प्र.अ.,शिक्षक, शिक्षाअधिकृत, इकाइ प्रमुख, प्रदेश सरकार संघ सरकार, नगरपालिका | ५०००० | ✓ | ✓ | ✓ | ✓ |
| ५ | प्राथमिक उपचार सम्बन्धी सामाग्री व्यवस्था | नगर स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्यालय, | ४००००० | ✓ | ✓ | | ✓ |

**परिदृश्य( अवस्था) २ : लकडाउन निरन्तर भएमा/विपद्को समयमा विद्यालय बन्द रहने अवस्थामा**

| क्र.सं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट | स्रोत नक्साङकन | | | |
|---|---|---|---|---|---|---|---|
| औपचारिक शिक्षा | | | | विद्यालय | स्थानीय तह | प्रदेश | अन्य |
| १ | सम्बन्धित सरोकारवालासँग छलफल, सहकार्य तथा समन्वय गर्ने | प्रमुख प्रसाशकीय अधिकृत, शिक्षा अधिकृत | ४०००० | | ✓ | | |
| २ | परीक्षा भएको कक्षाको अनलाइन तथा पत्रपत्रिका माध्यमबाट नतिजा प्रकाशन गर्ने | प्र.अ. शिक्षा अधिकृत | ५०००० | | ✓ | | |
| ३ | अभ्यास पस्तिका तथा स्वअध्यन सामाग्री वितरण गराउने | प्र.अ. ,वडा अध्यक्ष | ३००००० | | ✓ | | |
| ४ | स्थानीय रेडियो, टेलिभिजनबाट कक्षाअनुसार पठनपाठन गराउने | प्र.अ.,शिक्षक, शिक्षाअधिकृत, इकाइ प्रमुख, प्रदेश सरकार संघ सरकार | ५००००० | ✓ | ✓ | ✓ | ✓ |
| ५ | CUG मार्फत सकिाई सहजिकरण गर्ने | शिक्षक, अभिभावक, शिक्षा शाखा, प्रअ, नेपाल टेलिकम | ६५०००० | ✓ | ✓ | | ✓ |



**घ) भौतिक पुर्वाधार (हातधुने सुविधा/पानीको स्रोत):**

यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा भैतिक पुर्वाधारको रुपमा हातधुने सुविधाको रुपमा साबुनको प्रयोग र पानी विशेष गरेर प्लाष्टिक पानी टंकी र धाराको व्यावस्थापन समेत भएको छ ।

## परिच्छेद ३

## कोभिडको बर्तमान अवस्था

### ४. कोभिडको बर्तमान अवस्था

**क) हाल सम्म देखिएका कोरोना केश नगरपालिका भित्रको जानकारी :**

हालसम्म परशुराम नगरपालिकामा १२५ जनामा कोरोना लागेको केश देखिएतापनि हाल यस नगरपालिका भित्र कोरोना भाइरसको संक्रमणको अवस्था सामान्य रहेको छ ।

**ख) नगरपालिका/गाँउपालिकाभित्र रहेका क्वारेन्टिन तथा आइसोलेसनको जानकारी:**

यस नगरपालिकाभित्र तपशिल अनुसारका विद्यालयमा क्वारेन्टिन तथा आइसोलेसनको रुपमा प्रयोग गरिएको थियो जुन यस नगरपालिका र विद्यालयबीचको सहमतिमा राखिएको छ । यसको सम्पूर्ण व्यवस्थापन परशुराम नगरपालिकाले गरेको छ ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सिद्धनाथ माबि चन्दनी | प न पा ६ |
| २ | श्री सिद्धनाथ आवि लालपुर | प न पा ७ |
| ३ | श्री बैजनाथ माबि सलेता | प न पा ११ |
| ४ | श्री सिद्धनाथ प्रावि पटऱ्यानी | प न पा ६ |
| ५ | श्री भुवनेश्वरी न मा वि परिगाउ | प न पा ५ |
| ६ | श्री महाकाली प्राबि परिगाउ | प न पा ५ |
| ७ | श्री भागेश्वर माबि कटाल | प न पा ४ |
| ८ | श्री शैलेश्वरी माबि तुलाभाडी | प न पा १२ |
| ९ | श्री भागेश्वर माबि सलौन | प न पा १ |
| १० | श्री जनज्योती माबि गाईबाधे | प न पा ९ |
| ११ | श्री सिद्धनाथ माबि जोगबुढा | प न पा १२ |
| १२ | श्री शिवशंकर माबि सादनी | प न पा ७ |
| १३ | श्री भुमिराज आबि परिगाउ | प न पा ५ |
| १४ | श्री त्रिबेणी बहुमुखी क्याम्पस जोगबुडा | प न पा १२ |
| १५ | श्री कालिका प्राबि लटेरोडा | प न पा ४ |

| | | |
|---|---|---|
| १६ | श्री भागेश्वर मा बि शिर्ष | प न पा ३ |
| १७ | श्री बैजनाथ मा बि जमरानी | प न पा ८ |
| १८ | श्री शिवपावर्ती मा बि पोखरी कटाल | प न पा ४ |
| १९ | श्री परशुराम प्रावि परशुराम | प न पा ५ |
| २० | श्री सिद्धनाथ आवि बेतरानी | पनपा १२ |
| २१ | श्री सिताराम मावि कुमुल्ले | पनपा  १० |
| २२ | श्री सिद्दबैजनाथ आवि जजोला | पनपा  १० |
| २३ | श्री परशुराम संस्कृत विद्यापीठ परशुरामधाम | पनपा ५ |

**ग) नगरपालिकाले गरेका क्रियाकलाप कोभिड प्रतिकार्यपुर्व तथा तयारीका लागीः**

यस नगरपालिकाले विभिन्न सिमा क्षेत्रमा हेल्थ डेस्क स्थापना गरी स्वास्थ्यकर्मीसँग सहकार्य गरेर आवश्यक स्वास्थ्य सेवा प्रदान गरीयो । नगरभरी अति आवश्यक काम बाहेक घरबाहिर ननिस्कन सूचना तथा विभिन्न स्थानीय रेडियो र पत्रपत्रिका माध्यमबाट सूचना प्रसारण गर्ने गरेको र सुरक्षाकर्मीलाई समेत विभिन्न स्थानमा खटाइएको थियो । अझ विशेष परस्थितिमा एम्बुलेन्सको व्यवस्था समेत गरिएको थियो । समय समयमा क्वारेन्टिनमा बसेका व्यक्तिहरुको आर डी टी तथा पीसीआर टेष्ट गरियो । साथै राहत संकलन तथा वितरण गरियो ।

**घ) हालसम्म भएका २०७६ शैक्षिक सत्रका गतिविधी तथा सम्पन्न भएका क्रियाकलाप :**

यस नगरपालिकाका सबै  विद्यालयका कक्षा ८ तथा अन्य कक्षाहरुको वार्षिक परीक्षा समाप्त भएपनि परीक्षाको नतिजा प्रकाशका लागि तयारी अवस्थामा रहेको छ भने संस्थागत विद्यालयहरुको पनि सम्पूर्ण कक्षाको परीक्षा भएको छ । अनि कोभिड-१९ भाइरसको कारणले गर्दा शिक्षासँग सम्बन्धित सबै स्थगित गरिको भएपनि आन्तरिक रुपमा आउने दिनका लागि के कसरी विद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्ने भन्ने विषयमा तयारी भइरको छ । साथै २०७६-०७७ को कार्यकम कार्यान्वयन कार्यविधिका कतिपय कार्यक्रम पनि अधुरै रहेकोछ ।



**ङ) नगरपालिकाले नगर शिक्षा समितिसँग गरेका बैठक, निर्णय तथा समन्वय बारे जानकारीः**

नगर शिक्षा समितिको औपचारिक बैठक र निर्णय भएको तर आउने दिनका लागि के के र कसरी जाने सम्बन्धमा छलफल अनि सहकार्य भएको हो ।

**५.यस प्रतिकार्य योजनाको उदेश्यहरुः** यस प्रतिकार्य योजनाको उदेश्यहरु निम्नानुसार छन्:

क) शिक्षण सिकाइ क्रियाकलापको पूर्वतयारी तथा योजना बनाउन,
ख) कोरोना भाइरसबाट के कसरी जोगिन सकिने,
ग) लकडानको अवस्थामा पनि शैक्षिक क्रियाकलप व्यवस्थित रुपमा निरन्तर दिन,
घ) कोरोनाभाइरस सर्नलाई रोकथाम गर्न,
ङ) आउने दिनमा छोटो समयमा पनि उपलब्धीमुलक शिक्षा प्रदान गर्न आदि,
च) अन्य प्रकोप तथा महामारी को समयमा विद्यार्थी सिकाई निरन्तरता दिन,
छ) गुणस्तरीय शिक्षा कायम राख्दै शैक्षिक क्षति न्यूनीकरण गर्नु ।

**६. प्रतिकार्य रणनीतिः**

हाल कोभिड १९ भाइरसको यो अवस्था लगायत अन्य प्रकोप बाट शिक्षा लगायत अन्य गतिविधिहरु गर्नका लागि नगरपालिकाका प्रशासकीय प्रमुख, नगर प्रमुख, उप प्रमुख तथा नगर शिक्षा समितिका पदाधिकारी एवम् शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश स्तरीय र केन्द्र सरकारसँग समन्वय तथा सहकार्य गरेर अघि बढ्ने ।

**७. प्रतिकार्य योजना**

**परिदृश्य( अवस्था) १ : विपद् पूर्वतयारी अवस्थामा**

| क्र. सं | क्रियाकलाप | जिम्मेवारी | अनुमानित बजेट | स्रोत नंक्साङकन | | | |
|---|---|---|---|---|---|---|---|
| **औपचारिक शिक्षा** | | | | विद्यालय | स्थानीय तह | प्रदेश | अन्य |
| १ | सम्बन्धित सरोकारवालासँग छलफल, सहकार्य तथा समन्वय गर्ने | प्रमुख प्रसाशकीय अधिकृत, शिक्षा अधिकृत | ४०००० | | ✓ | | |
| २ | विपद हुनसक्ने सम्भावित क्षेत्रको पहिचान | नगरपालिका, प्र.अ. शिक्षा अधिकृत | ५०००० | | ✓ | | |